# लो-घेकर दामोदरकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## सवारी साधन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०८।०५**

यस लो-घेकर दामादेरकुण्ड गाउँ कार्यपालिकाको कार्यालयकालागि तपशिल बमोजिम हलुका सवारी साधन ( जीप) थान-१ खरीद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम रु ३००० (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट सुचना प्रकाशित भएको मिति देखि मिति २०७५।०९।०५ सम्म खरीद गर्न सकिने छ ।
२. बोलपत्र दाखिला गर्दा फर्मको VAT दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आयकर दर्ता प्रमाणपत्रको १।१ प्रति प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३. बोलपत्रसाथ तोकिएबमोजिमको रकम यस गाउँ कार्यपालिकाको कार्यालयको नेपाल बैंक लिमिटेड, जोमसोम शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. ०६८०३०००००००००३००००८ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।
४. बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : मिति: २०७५।०९।०६ गते दिनको १२ बजेभित्र, लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, चराङ, मुस्ताङ ।
५. बोलपत्र खोल्ने मिति, समय र स्थान : मिति २०७५।०९।०६ गते दिनको २ बजे, उपरोक्त स्थान । बोलपत्र खोल्दाका बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्ने छ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिने छ ।
६. रीत नपुगी तथा म्याद नाघी आएको र शर्तसहितको बोलपत्रलाई मान्यता दिइने छैन ।
७. बोलपत्रमा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेक प्रत्येक आइटम अनुसार अंक र अक्षरमा राख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा रहेको मूल्यलाई मान्यता दिइने छ ।
८. लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरीय सामान आपुर्ति गर्नुपर्ने छ । साथै कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. अन्य सबै कुराहरु प्रचलित नियम कानुन अनुसार तोकिएबमोजिम हुनेछन् । बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।
१०.शिलवन्दी बोलपत्रको कामको विवरण निम्नानुसार हुनेछ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | धरौटी/जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ०१।०७५।७६ | हलुका सवारी साधन (जीप) | लागत अनुमानको २.५ प्रतिशतले हुन आउने रकम | |

प्रमुख प्रशासकीय अधिकृत